STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

वर्ष २२ | अङ्क १४७ | श्रेणी क्षेत्रीय 'क' | २०७८ जेठ २७ गते बिहीबार | 10 June 2021 | पृष्ठ ४ | मूल्य रु. २।-

## देउवाद्वारा भदौमा पार्टीको महाधिवेशन हुनेमा ढुक्क हुन आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ जेठ**

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीका नेता कार्यकर्तालाई आगामी भदौमा पार्टीको १४ औँ महाधिवेशन हुनेमा ढुक्क हुन आग्रह गर्दै सोहीअनुसार दत्तचित्त भई लाग्न आह्वान गर्नुभएको छ । कांग्रेसले पार्टीको १४ औँ महाधिवेशन भदौ ७ देखि १० गतेसम्म गर्ने तय गर्दै सोहीअनुसार महाधिवेशन कार्यतालिका सार्वजनिक गरेको छ।

उनले बुधबार वक्तव्यमार्फत कोभिड-१९ को विषम परिस्थितिमा पनि निर्धारित मिति आगामी भदौभित्र पार्टीको १४ औँ महाधिवेशन सम्पन्न गर्नुपर्ने बाध्यता रहेको उल्लेख गर्दै त्यसमा आफू पूर्ण प्रतिवद्ध रहेको स्पष्ट पारेका छन् । उनले पार्टीको महाधिवेशन प्राविधिक वा प्रशासनिक विषय मात्र नभएर यो एक महत्वपूर्ण राजनीतिक अभियान भएको र पार्टीको जीवन्तताका लागि महायज्ञ हो भन्ने कुरा आफूले राम्ररी बुझेको बताएका छन् । महाधिवेशनको विषयलाई लिएर विभिन्न कुरा उठ्ने गरेको आफूले सुनेको र पार्टीको महाधिवेशन सम्पन्न गर्ने विषयलाई विवादित बनाउने वा कसैले महाधिवेशन गर्न चाहेको र कसैले नचाहेको देखाउने गरी पटक-पटक आउने गरेका अभिव्यक्ति उचित नभएको उनले उल्लेख गरेका छन् ।

"महाधिवेशनको विषयलाई लिएर कसैले पनि भ्रममा राख्ने वा भ्रममा रहने काम गर्न हुँदैन । बरु पार्टीको महाधिवेशन पार्टीका सबै नेता र सदस्य मिलेर सम्पन्न गर्ने कार्य हो । यसका लागि सबै जिम्मेवार हुनुपर्दछ । हामीसँग अब बढी समय छैन । असार र साउन दुई महिना भित्र महाधिवेशनका लागि सबै पूर्वतयारी गर्नुपर्छ । पार्टीको क्रियाशील सदस्यताको व्यवस्थापन, वडादेखि प्रदेश तहसम्मका अधिवेशनहरूको तयारी लगायत महाधिवेशनका सबै तयारी गर्नुछ", विज्ञप्तिमा उल्लेख छ ।

त्यस निमित्त निर्वाचन समिति, क्रियाशील सदस्यता छानविन समिति गठन भई काम गरिरहेको अवगत गराउँदै उनले पार्टीको महाधिवेशन सम्पन्न गर्न आवश्यक सबै कार्य समयमा गरिने बताएका छन् ।

सभापति देउवाले पार्टीका पदाधिकारी र केन्द्रीय कार्यसमिति, स्थानीय तहका पदाधिकारी तथा सदस्य, देशभरिका पार्टी सदस्यहरू, भ्रातृ एवं शुभेच्छुक संस्थाका सदस्य, विदेशस्थित जनसम्पर्क समितिका सदस्यलाई कांग्रेसको महाधिवेशन सम्पन्न गर्ने बारे कुनै पनि भ्रममा नपरी आ-आफ्नो स्थानबाट महाधिवेशन समयमा सम्पन्न गर्न दत्तचित्त भई लाग्न आह्वान गरेका छन् । उनले कोभिड-१९ को महामारीलाई दृष्टिगत गर्दै स्वास्थ्य सुरक्षाका सबै मापदण्ड अपनाई काम गर्न पनि अनुरोध गरेका छन् ।

## पोखरामा पर्यटन बसपार्क बनेसंगै बसहरु व्यवस्थापन गर्न सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ जेठ**



पोखरामा नयाँ प्रविधिको पर्यटक बस पार्क हालै निर्माण भएसंगै पर्यटक बसहरु व्यबस्थापन गर्न सुरु गरिएको छ । पर्यटन विभागले पोखरामा पर्यटक बस निर्माण हालै निर्माण गरेसंगै आफुहरुले सडक छेउछाउमा राख्दै आएका बसहरुलाई हाल बसपार्कमा बसहरु व्यबस्थापन सुरु गरिएको नाट्टा गण्डकी प्रदेशका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताए ।

पोखरामा व्यबस्थित पर्यटक बसपार्क नहुदा पोखरा आउने पर्यटक र आफुहरुलाई निकै समस्या हुने गरेको अबस्थामा पर्यटक बसपार्क बनेसंगै पोखराको छुट्टै पहिचान हुने भएको उनले जनाए । अध्यक्ष सिग्देलले भने "हामीले पोखरामा पर्यटक बस पार्क बनाउन धेरै पटक प्रयास गरेका थियौं, तत्कालिन पर्यटन मन्त्री रविन्द्र अधिकारीको पहलमा यो सम्भाव भएको हो, उहाँलाई हामीले स्मरण गर्नुपर्छ ।" पर्यटन विभागले पोखरा महानगरलाई उक्त बसपार्क हस्तान्तरण गरेसंगै उक्त बसपार्क आफुहरुले सौन्दर्यकरण गर्दै निश्चित रकम राज्यलाई दिने गरी स्वामित्व लिन चाहेको अध्यक्ष सिग्देलले जनाए । पोखराका पर्यटन व्यवसायीहरुको छाता संस्था पोखरा पर्यटन परिषदले हाल एक करोड ६० लाखको लागतमा पर्यटक बस पार्कको सौन्दर्यकरणको लागि महानगरमा आफुहरुले प्रस्ताव पेश गरेको अध्यक्ष सिग्देलले जनाए ।

बसपार्क भित्र पर्यटकहरुको लागि कफि सप, गिफ्ट पसल, पर्यटक प्रहरी कक्ष, गार्डेन लगायतको संरचना र दैनिक सरसफाई गर्नुपर्ने उनले जनाए । स्थानीय सुक माया परियारले आफ्नो घर अगाडि व्यबस्थित पर्यटक बसपार्क बनेकोमा खुसि भएकी छन् । धेरै बर्षदेखि हिउँदमा धुलो र पानी पर्दा हिलो हुने बसपार्क अब भने धेरै सहज हुने उनले जनाइन् ।

पोखरा महानगरपालिका-७, राष्ट्र बैंकचोक नजिक पर्यटन विभागको लगानीमा पोखरामा रिजिटपेमेन्ट (ढलान) संरचनामा पर्यटक बसपार्क निर्माण कार्य ९५ प्रतिशत सम्पन्न भएको विभागका इन्जिनियर सचिन्द्रकुमार यादवले बताए । विभागले आशिष-सिएम-मिसन जेभीलाई ठेक्का सम्झौता गरे पछि कोरोनाले गर्दा थपिएको समय सिमा भित्र उक्त पर्यटक बसपार्क निर्माण कार्य सम्पन्न भए पनि अन्तिम केही फिनिसिङको काम बाँकी रहेको उनले जनाए । पर्यटन विभागले नेपालमै पहिलो पटक ७ करोडको लागतमा पर्यटक बस पार्क बनाएको यादवले बताए । करिब ४० वटा पर्यटक बस सहित केही ट्याक्सी र माइक्रोवस समेत पार्किङ गर्न मिल्ने गरी चारै तर्फ कम्पाउण्ड सहितको बसपार्क निर्माण गरिएको ई.यादवले बताए । उनका अनुसार बसापर्क भित्र ८ वटा सटर सहितको सौचालय, गार्डेन, प्रतिक्षालय, बसपार्कमा सोलार प्यानल वोर्ड, दुई वटा गेट, पर्खाल सहितको लगायतका संरचना समेत बनेको छ ।

पोखरा पर्यटन बस पार्कको करिब एक प्रतिशत जसो अन्तिम फिनिसिङको मात्र काम बाँकी रहेको निर्माण कम्पनीका निर्देशक शान्तकुमार श्रेष्ठले बताए । उनका अनुसार कम्पनीले १ सय ३० मिटरको लम्वाई र ५० देखि ७० मिटरसम्मको चौडाईमा रिजिटपेमेन्ट (ढलान) गरेको छ भने उक्त ढलान करिब ८ इन्चको रहेको छ । उक्त कम्पनीले करिब दुई बर्ष अघि उक्त बसपार्क निर्माण गर्न सुरु गरेको थियो । उक्त बसपार्क पर्यटन विभागलाई बुझाएको १३ महिनासम्मको कम्पनीले ग्यारेन्टी गर्ने भएको छ ।

## कोभिड बिरामी र उनका आफन्तलाई निशुल्क खाना

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ जेठ**

पोखरा ३ तेर्सापट्टीको भिन्तुना युवा क्लबले बुधबारदेखि पोखराको गण्डकी मेडिकल कलेज (जि.एम.सी.) कोभिड उपचार केन्द्रमा निःशुल्क खाना खुवाउन सुरु गरेको छ ।

तेर्सापट्टी बुहारी समुहको सहकार्यमा क्लवले नेवाः छे भवनमा खाना तयार पारेर जि.एम.सी.मा कोभिडका बिरामी, उनका कुरुवा र स्वास्थ्यकर्मीलाई समेत आफुहरुले खानाको व्यबस्था गर्न सुरु गरेको क्लवका अध्यक्ष राजन श्रेष्ठले बताए । उनले भने "आज हामीले पहिलो दिनको विहानमा मात्र करिब २ सय ५० जनालाई खाना खुवाएका छौं, हामीले वेलुका करिब ७:०० बजे तिर पनि खानाको व्यबस्था मिलाएका छौं ।" जि.एम.सी.मा हाल कोरोनाको दैनिक १५ हजारसम्म निःशुल्क उपचार हुने भएकोले र अस्पतालमा रहेको क्यान्टिन समेत हाल बन्द भएकोले गर्दा आफुहरुले जि.एम.सी.मा नै खानाको व्यबस्था गरेको अध्यक्ष श्रेष्ठले बताए । केही समय अघि आफै कोरोना संक्रमित भई निको भएका अध्यक्षले प्याकिङ खाना जिएमसीको क्यान्टिनको टेवलसम्म पुराउने काम गरेका छन् ।

क्लवले बिहान दालभात तरकारीको साथमा अण्डा दिने गरेको छ भने वेलुका भने दाल भात तरकारीको साथमा कुखुराको मासु समेत दिने भएको श्रेष्ठले जनाए । क्लवले निशुलक खाना खुवाउने अभियान सुरु गरेसंगै केही सहयोग समेत प्राप्त हुन थालेको उनले जनाए । तमु परिवार न्यूयोर्क ईन्कबाट ५० हजार, नेपाली कांग्रेस नेतृ सरस्वती गुरुङबाट १० हजार लगायतको सहयोग जुट्न थालेको अध्यक्ष श्रेष्ठले जनाए । क्लवले गत बर्षको कोरोना महामारीमा २० दिनसम्म तेर्सापट्टीबाट निःशुल्क खाना वितरण गरेको थियो । साथै क्लवले बतास फाउण्डेशन को सक्रियातमा सुरु भएको अक्सिजन प्लान्ट स्थापना गर्ने अभियानमा रकम उठाउन सेमत सुरु गरेको छ ।

यसैबिच, विवेकशिल साझा पार्टीले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा केही दिन निशुल्क खाना खुवाउन सुरु गरेसंगै जिल्ला प्रशासन कार्यालय कस्कीले कोरोना शंक्रमण फैलिन सक्ने भन्दै रोक्न निर्देशन दिएसंगै विवेकशिलले खाना वितरण स्थगित गरेको छ ।

## प्रदेशमा थप ६६३ मा संक्रमित, १० को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ जेठ**

पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप ९१ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

कास्कीमा ४५ जना पुरुष तथा ४६ जना महिला गरी ९१ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ । पछिल्लो २४ घण्टामा प्रदेशमा २ हजार १४४ जनाको नमुना परीक्षण गरिएकोमा गण्डकी प्रदेशमा थप ६६३ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ । कास्कीका ९१ सहित म्याग्दीका १७ जना, पर्वतका ३९ जना, गोरखाका ८६ जना, लमजुङका ८९ जना तनहुँका ६९ जना, बाग्लुङका ६० जना, स्याङ्जाका ५१ जना मुस्ताङका ११ जना र नवलपुरका १५० जना गरी प्रदेशका १० जिल्लामा ३३१ पुरुष तथा ३३२ जना महिलामा कोरोना पुष्टि भएको हो । योसँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ४८ हजार ४७२ पुगेको छ। पछिल्लो २४ घण्टामा १७३३ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या ४० हजार ८५३ पुगेको छ ।

पोखराका अस्पतालहरुमा उपचाररत ५ जनासहित गण्डकी प्रदेशका थप १० जना कोरोना संक्रमितहरुको मृत्यु भएको छ । निर्देशनालयका अनुसार प्रदेशमा कोरोना संक्रमणबाट निधन हुनेको संख्या ७९९ पुगेको छ । मृतकहरु कास्की जिल्लाका २ जना, म्याग्दी जिल्लाका २ जना, पर्वत जिल्लाका १ जना, तनहुँ जिल्लाका २ जना र नवलपुर जिल्लाका ३ जना रहेको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ ।

## गण्डकीमा सांसद सापकोटाको चर्चा

**राසस**
**पर्वत, २६ जेठ**




सुदूरपश्चिम प्रदेशमा नेकपा एमालेको माधव नेपाल पक्षका सांसदले नेकपा(माओवादी केन्द्र)बाट मुख्यमन्त्री हुनुभएका त्रिलोचन भट्टलाई विश्वासको मत दिएपछि गण्डकीमा सांसद इन्द्रलाल सापकोटाको चर्चा हुन थालेको छ ।

विपक्षी गठबन्धनलाई सापकोटाले सहयोग गर्दा अर्थात् फ्लोर क्रस गर्दा बहुमत पुग्छ । सापकोटाले भने संसदीय मूल्य र कार्यकर्ताको मनोभावना विपरीत काम नगर्ने बताएका छन् । बुधबारबिहानको संवादमा सापकोटाले भने, "यहाँ संसदीय दल एउटै छ, दलको निर्णय नै मेरो पनि निर्णय हुन्छ, जुन जनचाहना हो ।" उनले आफू कुनै निर्णायक नभएको भन्दै पदको लोलुप्तामा नलाग्ने बताए । "माथि पार्टीका अध्यक्ष व्यवस्थामा नै प्रश्न उठाउने गरी लाग्नुभएको छ, त्यो प्रदेशको कमजोरी होइन", सापकोटाले भने, "मलाई मुख्यमन्त्रीसँग नजीक हुनु पनि छैन र संसदीय दलको निर्णय विपरीत जानु पनि छैन ।" सापकोटाले जनताको प्रतिनिधि भएकाले कम्युनिष्ट पार्टीबाट जितेको र सोही अनुसारको व्यवहार आफूले गर्नुपर्ने बताए । "म तटस्थ बस्दा वा राजीनामा दिँदा जनताको मतको के कदर होला वा मेरो राजनीतिक जीवनको के होला" सापकोटाले भने, "अन्त के गरे भन्ने होइन हाम्रोमा अवस्था के छ भन्ने कुरालाई मूल्याङ्कन गर्ने हो ।" उनले वामपन्थी पृष्ठभूमिमै रहेर राजनीतिमा रहने प्रस्ट पारे । सापकोटाले विपक्षीलाई मतदान नगर्दा प्रदेशमा कसैको पनि बहुमतको सम्भावना छैन । जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चा केन्द्रको निर्देशनअनुसार चल्ने र सभामुखले राजीनामा दिने परिस्थिति आउनुपूर्व गण्डकी प्रदेश मध्यवधीको बाटोमा लाग्ने छ । गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले बिहीबार संसद्मा विश्वासको मत लिँदै छन् । नेपालको संविधान धारा ७६ (३) अन्तर्गत मुख्यमन्त्रीमा नियुक्त भएका गुरुङले एक महिनाभित्र विश्वासको मत लिनुपर्ने प्रावधानअनुसार बिहीबार विश्वासको मत लिन लागेका हुन । गण्डकी प्रदेशमा विपक्षी गठनबन्धनबाट अविश्वासको प्रस्ताव आउनुपूर्व मुख्यमन्त्रीबाट गुरुङले राजीनामा दिएका थिए ।

त्यसपछि पुनः ठूलो दलको हैसियतले मुख्यमन्त्री नियुक्त हुनुभएका गुरुङले विश्वासको मत लिनुपूर्व विकसित राजनीतिक घटनाक्रमले अहिले गण्डकी प्रदेश चर्चामा छ । राष्ट्रिय जनमोर्चाका सांसद कृष्ण थापाले पार्टीको निर्देशन उल्लङ्घन गरेपछिको घटनाक्रम र सर्वोच्च अदालतले उनलाई थमौतीपछि गण्डकीको राजनीति तरङ्गित बनेको छ ।

साठी सदस्य रहेको गण्डकी प्रदेशमा अहिले बहुमत पुऱ्याउन ३१ सांसदको समर्थन चाहिन्छ । विश्वासको मतमा ३१ मत नभएसम्म गण्डकीको राजनीतिक टुङ्गोमा पुग्दैन । पछिल्लो घटनाक्रम र अङ्क गणितलाई हेर्दा दुवै पक्षमा बहुमत जुट्ने सम्भावना कम छ । विपक्षी गठबन्धनमा लाग्नुभएको राष्ट्रिय जनमोर्चाका सांसद कृष्ण थापाले पार्टीको निर्णयभन्दा विपरीत पृथ्वी सुब्बा नेतृत्वको सरकारलाई समर्थन गर्ने दोहोऱ्याउँदै आएका छन् ।

संसद्मा अहिले विपक्षी गठबन्धनमा खुलेको ३० र सरकार पक्षमा खुलेका २८ मत छ । विपक्षमा नेपाली कांग्रेसका १५, माओवादीका ११ (सभामुखबाहेक) र जनता समाजवादी पार्टीका दुई तथा राष्ट्रिय जनमोर्चाका दुई सांसद छन् ।

सुपथ मूल्यमा आकर्षक छपाइ




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# व्यावसायिक किसानलाई ५० प्रतिशत अनुदानमा हाते ट्र्याक्टर वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ जेठ**

कृषि व्यवसायमा यान्त्रिकीकरणको माध्यमबाट न्यून लागतमा उत्पादन वृद्धिको योजनासहित कास्कीको मादी गाउँपालिकाले व्यावसायिक किसानलाई हातेट्र्याक्टर वितरण गरेको छ।



गाउँपालिकाले चालु आर्थिक वर्षको कृषितर्फको स्वीकृत कार्यक्रमअन्तर्गत पहिलो चरणमा मङ्गलबार कृषकसँगको ५० प्रतिशत लागत साझेदारीमा अनुदानमा २४ वटा हातेट्र्याक्टर वितरण गरेको हो। गाउँपालिकाको १ देखि १२ वडाका कृषक, कृषक समूह तथा कृषि व्यवसायमा संलग्न सङ्घ संस्थाबाट प्रस्ताव आह्वान गरिएकामा ६१ जनाले माग गरेका थिए। पहिलो चरणमा 'सात हर्सपावर'का २४ वटा ट्र्याक्टर कृषकलाई उपलब्ध गराइएको गाउँपालिकाका अध्यक्ष वेदबहादुर गुरुङले जानकारी दिए। प्रति ट्र्याक्टर रु ५४ हजार मूल्यमा कृषकहरूले ५० प्रतिशत साझेदारी गरेका छन्।

अध्यक्ष गुरुङका अनुसार कृषकको व्यावसायिक योजनाको मूल्याङ्कनका आधारमा थप १७ कृषकलाई दोस्रो चरणमा ट्र्याक्टर वितरणको योजना छ। जमीन खनजोतका लागि गोरु पाल्न कृषकले झन्झट मान्ने र लागत बढी हुँदा पछिल्लो समय कृषकहरू हातेट्र्याक्टरतर्फ आकर्षित छन्।

गाउँपालिकाले कृषिको विकासलाई प्राथमिकतामा राखेको बताउँदै अध्यक्ष गुरुङले भने, "कृषि व्यवसायलाई समयानुकूल परिर्वतन गर्दै यान्त्रिकीकरण र आधुनिकीकरणका माध्यमबाट अधिकतम उत्पादन बढाउँदै रोजगारी सिर्जना र स्वरोजगार अभिवृद्धिको योजना छ। समृद्ध मादी निर्माणका लागि कृषि, पर्यटन, जलस्रोत, वन, पूर्वाधारसहित समन्यायिक समृद्धिलाई जोड दिएका छौँ।" कृषि क्षेत्रको आधुनिकीकरण यान्त्रिकीकरण, विशिष्टीकरण, व्यावसायीकरण र बजारीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिने नीति गाउँपालिकाले लिएको बताइन्छ।

हाते ट्र्याक्टरसहित थ्रेसर, असिना छेक्ने जाली, प्लाष्टिक टनेललगायतका कृषि औजार उपकरणमा अनुदान दिने कार्यक्रम कृषितर्फ रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद सापकोटाले जानकारी दिए। उनले भने, "असिना छेक्ने जाली कृषकलाई उपलब्ध गराइसकेका छौँ भने प्लाष्टिक टनेल प्रदान गर्न बोलपत्र आह्वानलगायतका प्रक्रिया अघि बढाएका छौँ, छिट्टै मागका आधारमा कृषकलाई उपलब्ध गराउने छौँ।"

# अपाङ्ग संघ गण्डकीलाई नेलम्बोद्वारा राहात

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ जेठ**

नेलम्बो नेपालले राष्ट्रिय अपाङ्ग संघ नेपाल गण्डकी प्रदेशलाई खाद्य राहात सहयोग गरेको छ।

विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरसको विषम परिस्थितिमा जारी निषेधाज्ञाका कारण दैनिक जीवन यापनमा कठिनाइ हुने अति अपाङ्गता भएका अति विपन्न ९० परिवारको लागि खाद्य राहात उपलब्ध गराइएको हो। नेलम्बो नेपालका अध्यक्ष एकदेव देवकोटा तथा कार्यक्रम संयोजक डा.किसन कोइरालाले राष्ट्रिय अपाङ्ग संघ नेपाल गण्डकी प्रदेशका अध्यक्ष खोमराज शर्मालाई उक्त सामग्री हस्तान्तरण गरेका हुन्। जसअनुसार एक प्याकेट भित्र २५ केजीको १ बोरा चामल, नुन २ केजी, दाल १ केजी, चना १ केजी, १ केजी चिनी, १ लिटर तेल, मसला,



चियापत्ती, जिरा लगायतका सामग्री रहेका छन्। सामग्री हस्तान्तरण गर्दै नेलम्बोका अध्यक्ष देवकोटाले प्रदान गरिएका खाद्य सामग्री पारदर्शी रुपमा ११ वटै जिल्लाका अति विपन्न परिवारलाई पुग्ने विश्वास व्यक्त गरे। उनले नेलम्बो नेपालले विपन्न वर्गलाई लक्षित गरि कार्यक्रम संचालन गर्दै आएको स्पष्ट पार्दै अपाङ्गता भएका अति विपन्न परिवारले राहात सामग्री पाउने हुदाँ आफुहरु सन्तुष्ट रहेको पनि जनाए।

सामग्री ग्रहण गर्दै अपाङ्ग संघका प्रदेश अध्यक्ष शर्माले विभिन्न चरणमा गरी प्राप्त सामग्री प्रदेशका सबै जिल्लामा पुऱ्याउने प्रतिबद्धता जनाए। त्यस अवसरमा एकमुष्ठ रु.३ लाख दुई सय १९ वरावरको खाद्य सामग्री प्रदान गरिएको नेलम्बोका जनसम्पर्क अधिकृत भीमप्रसाद भण्डारीले जानकारी दिए।

# पदयात्रा पर्यटन मजदुरहरुलाई टानको राहत

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ जेठ**

ट्रेकिंङ एजेन्सीज एशोसियसन अफ नेपाल (टान), पश्चिमान्चल क्षेत्रीय संघ, पोखराको आयोजना, कर्मा फ्लाईट्स फाउन्डेसन नेपालको साझेदारी, नेपाल पर्यटन बोर्डको सहयोगमा विपन्न पदयात्रा मजदुर हरुलाइ बुधवार खाद्यन्न वितरण गरेको छ।



कार्यक्रममा स्वागत मन्तब्य राख्दै कार्यक्रम संयोजक कृष्ण आचार्यले हालको परिस्थितीमा पदयात्रा मजदुरहरुलाई राहत बितरण अति आवश्यक भएको तर्फ जोड दिए। प्रमुख अतिथी पोखरा महानगरपालिका वडा नं ६ का वडाअध्यक्ष जगत बहादुर पहारीले विभिन्न संघसंस्था सँगको सहकार्यमा टानले प्रशंसनीय कार्य गरेको बताउदै यस्तो कार्यको निरन्तरताको कामना गरेका थिए।

कार्यक्रमका सभापति एवम् टान पश्चिमाञ्चलका अध्यक्ष सुशिल राज पौडेलले राहत बितरण माथि प्रकाश पार्दै नेपालको विभिन्न ठाँउहरुबाट रोजगारीका लागी परिवारसहित घरभाडामा बसेका र बिगतको लकडाउनदेखि नै पदयात्रामा बेरोजगार भै बैकल्पिक दैनिक रोजगारी गरिरहेका मजदुरहरु हाल कोरोनाको दोस्रो लहरको बर्तमानको निशेधाज्ञाका कारण घरबाहिर निस्कने अवस्था नभएका कारण तत्काल रासन राहतको आवश्यकता भएका अति बिपन्न पदयात्रा मजदुरहरुको राहतको लागी यो अभियान गरिएको बताए।

यो अभियान तत्कालको चुल्हो बाल्ने मात्र अल्पकालिन समस्या समाधानको लागि भएको र नेपालको पदयात्रा पर्यटनले पुनः गति लिएर लयमा फर्कनका अझै समय लाग्ने हुँदा दीर्घकालिन रुपमा पदयात्रामा आश्रित मजदुरहरुको समस्या समाधान र पर्यटनको जनशक्तिलाई जोगाईराख्नका लागी सरकारी तथा सम्बन्धित निकायको ध्यानाकर्षण गराएका थिए। कार्यक्रममा पोखरा पर्यटन परिषदका अध्यक्ष गोपी भट्टराई, नेपाल पर्यटन बोर्डका पूर्व बोर्ड सदस्यद्य टिकाराम सापकोटा र अग्नी कंडेल, नेपाल पर्वतारोहण संघ गण्डकीका अध्यक्ष शेषकान्त शर्मा लगायत आतिथिहरुको सहभागिता थियो। सो कार्यक्रममा पर्यटन प्रहरी पार्दी र वडा प्रहरी कार्यालय बैदामको बिशेष सहयोग रहेको थियो। पोखरा ६, शान्तिपाटनस्थित टानको सचिबालय भवन परिसरमा स्वास्थ्य मापदन्डहरुको पूर्ण पालना गरि १३० जना अति बिपन्न पदयात्रा मजदुरहरु, गाईड र सहयोगीहरुलाई सो राहत वितरण गरिएको हो। कार्यक्रमको सञ्चालन टान पश्चिमाञ्चलका सह सचिव रेशम अधिकारीले गरेका थिए।

# एक दिवसीय अन्तरराष्ट्रिय क्रिकेटमा १० हजार भत्ता

**रासस**
**काठमाडौं, २६ जेठ**

नेपाल क्रिकेट संघ (क्यान)ले नयाँ आर्थिक कार्यविधि पारित गरेको छ।

क्यान कार्यसमितिको बैठकले सो कार्यविधि पारित गरेको हो। दुई दशकपछि क्यानले कार्यविधिमा परिमार्जन गरेको हो। कार्यविधिमा खेलाडीको खेल भत्ता बढाइएको छ। खेलाडीले एक दिवसीय अन्तरराष्ट्रिय प्रतियोगिता खेल्दा रु १० हजार भत्ता पाउने छन्। यसअघि टी २० अन्तरराष्ट्रिय प्रतियोगिता खेल्दा रु पाँच हजार भत्ता पाइन्थ्यो। यस्तै महिला खेलाडीले एक दिवसीय प्रतियोगिताको रु पाँच हजार र टी २० प्रतियोगितामा रु तीन हजार पाउनेछन्। खेलाडीले बन्द प्रशिक्षणमा दैनिक रु पाँच सय भत्ता पाउने कार्यविधिमा व्यवस्था गरिएको छ।




# पुरानो नक्सा भएका पाठ्यपुस्तक बिक्री गर्नेलाई कारबाही हुने

**रासस**
**काठमाडौं, २६ जेठ**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठले मुलुकको पुरानो नक्सा छापेर बिक्री गरिएका पाठ्पुस्तक जफत गर्न र त्यसमा सम्लग्नलाई कारबाही गर्न निर्देशन दिनुभएको छ।

केही निजी प्रकाशकले पुरानो किताबको कभर परिवर्तन गरी नयाँ संस्करण उल्लेख गरी नेपालको पुरानो नक्सा छापेर पुस्तक बिक्री गरेको जानकारीपछि मन्त्री श्रेष्ठले सो निर्देशन दिनुभएको हो।

पाठ्यक्रम विकास तथा मुल्याङ्कन परिषदको आज सम्पन्न ८८ औ भर्चुअल बैठकमा मन्त्री श्रेष्ठले ती प्रकाशक र बिक्रेतालाई कानूनको दायरामा ल्याएर हदैसम्मको कारबाही गर्न पाठ्यक्रम विकास केन्द्रलाई निर्देशन दिनुभएको हो। उहाँले सरकारको आँखा छलेर पुरानो नक्सा उल्लेख गरी पुस्तक बिक्री गर्ने पुस्तक प्रकाशक र वितरकलाई तत्काल स्पष्टीकरण सोध्ने, पुरानो नक्सा अंकित बजारमा बिक्री भएका पुस्तक जफत गर्ने र मन्त्रालयको निर्देशन अटेर गरे कानून अनुसार कारबाही गर्न केन्द्रलाई निर्देशन दिनुभएको छ। बैठकमा मन्त्रालयका सचिव रामप्रसाद थपलियाले पुरानो नक्सा राखी नयाँ पुस्तक बिक्री गर्नेमाथि कडा कारबाही गरिने जानकारी दिनुभयो। केन्द्रका महानिर्देशक अणप्रसाद न्यौपानेले पुरानो नक्सा छापेर पुस्तक बिक्री गरेका प्रकाशक र बिक्रेतामाथि कारबाही प्रकृया अघि बढाइने जानकारी दिनुभयो।

बैठकमा मन्त्री श्रेष्ठले कक्षा ६ को पाठ्यपुस्तक अभाव हुन नदिन सुचीकृतमा परेका प्रकाशकको पुस्तक छपाइका लागि स्वीकृति दिन समेत निर्देशन दिनुभएको छ। बैठकले विभिन्न विषयका कक्षा ६-८को पाठयक्रम स्वीकृत गरेको छ।

## सूचनाको हक


- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकार को कुनैपनि विषयमा सूचना माग्ने वा पाउने सूचनाको हक हुन्छ।
- नागरिकले नमागे पनि सार्वजनिक निकाय आफै सक्रिय भएर सार्वजनिक महत्वको सूचना प्रवाह गर्नुपर्दछ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
पोखरा, नेपाल
फोन : ०६१-४६७७३२/४६७७३३

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो। - मार्कस औरीलिअस्

**सम्पादकीय**

# कांग्रेसको अवस्था

नेपाली कांग्रेसले भदौ ७ देखि १० सम्म महाधिवेशन गर्ने गरी भएको निर्णय कार्यान्वयन हुँदैन कि भन्ने आशंका बढेको छामहाधिवेशनको मिति घोषणा भएको मिति पटकपटक सरेको छाआम निर्वाचनमा काङ्ग्रेसको नराम्रो पराजय पछि अर्लि महाधिवेशनको माग जोडतोडले उठेको थियो। अर्लि महाधिवेशन र नेतृत्वको असफलताको लागि सभापति शेर बहादुर देउवालाई जिम्मेवार बनाएर राजिनामा दिन दबाबमूलक आन्दोलन भए। सभापति देउवाले हारको जिम्मेवारी लिएनन। अर्लि महाधिवेशनको मागलाई वास्ता गरेनन। काङ्ग्रेस को महाधिवेशनको म्याण्डेट चारवर्षे हो। चार वर्ष गुजारेपछि विधानअनुसार एक वर्ष कार्यकाल थप भयो। म्याद थपेपछि धमाधम विभाग गठन गर्ने,थप गर्ने र विधान विपरीत सदस्य बढाउने काम जारी छ।

बरिष्ठ नेता रामचन्द्र पौडेल पक्षले विरोध गरिरहेकै छ। देउवाले सदस्य थप्ने काम जारी राखेका छन। काङ्ग्रेसको विधानको सुबिधा लिएर पनि महाधिवेशन नभएपछि संविधानले दिएको छ महिनाको सुविधा लिएका छन। भदौसम्मको म्याद भित्र महाधिवेशन नगरी नेतृत्वमा रहने हुन कि भन्ने प्रश्नको सामना देउवाले गरेका छन। यसअघि नै निर्णय गरिसकेको तर कार्यान्वयन हुने अवस्था नदेखाएपछि पार्टीलाई वैधानिकता दिन पनि दबाब दिनु स्वभाविक हो। तर कोरोना महामारीले क्रियाशील सदस्यता वितरणका काम सकिएको छैन। अहिलेसम्म करिब ८ लाख क्रियाशील सदस्य पुगेका छन्।

कांग्रेसले १० लाख क्रियाशील सदस्य बनाउने भनेको छ तर सिन्धुपाल्चोकलगायत जिल्लामा क्रियाशील सदस्यता वितरण नै भएको छैन। यस्तो अवस्थामा पूर्वनिर्धारित समयमा महाधिवेशन हुन गाह्रो भएकोले वरिष्ठ नेता रामचन्द्र पौडेललगायत नेताहरूले सभापति देउवालाई महामारीकै बीचमा पनि महाधिवेशन गर्न ध्यानाकर्षण गराइरहेका छन्। सभापति देउवाले बुधबार प्रेस विज्ञप्ति निकालेर भदौमै महाधिवेशन हुने जनाएका छन्। 'यस्तो विषय परिस्थितिमा पनि हामीले भदौमा पार्टीको महाधिवेशन सम्पन्न गर्नु परेको छा म देशभरका साथीहरूलाई स्पष्टताका साथ भन्न चाहन्छु- भदौमा महाधिवेशन हुन्छ,' देउवाले भनेका छन्। यस्तै भनाइ पहिले पनि आएका हुनानेपाली उखान ढाँटको निम्तो खाइ पत्याउनु जस्तै बनेको छ।

देउवाले महाधिवेशनका लागि तयारी गर्नुपर्ने पनि उल्लेख गरेका छन्। उनले पार्टी महाधिवेशनलाई लिएर बिबादित कुरा नगर्न पनि नेताहरूलाई आग्रह गरेका छन्। कांग्रेसलाई संकटबाट बचाउन भदौभित्र महाधिवेशन गर्नुपर्ने हुन्छ। देउवाले आफ्नो नियमित कार्यकाल चार वर्ष सकेर डेढ वर्ष कार्यकाल थपेका थिए। देशको पुरानो र लोकतान्त्रिक भनिने पार्टीको अवस्थाले हाम्रो प्रणाली कस्तो छ भन्ने स्पष्ट पार्दछ। अरुलाई लोकतन्त्र र विधानको पालना भएन भनेर कराउनु अघि आफ्नो ब्यवहार र काम लोकतान्त्रिक देखिनु आवश्यक छ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : ब्यापारमा लाभ |
| वृष | : मन चञ्चल | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : शारिरीक झमेला |
| कर्कट | : मानसिक तनाब | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्पर्कनुहोस्।


## तनहुँ समाज युकेले स्वास्थ्य सामग्री पठाउँदै

पोखरापत्र संवाददाता
तनहुँ, २६ जेठ

तनहुँ समाज युकेले जिल्लाका सबै स्थानीय तहमा स्वास्थ्य सामग्री वितरण गर्ने भएकोछ। समाजले कोरोना रोकथाम तथा नियन्त्रणका लागि सदस्यहरूबाट आर्थिक सङ्कलन गरेकोछ।

जिल्लाका स्थानीय तहमा बनाइएका सम्पूर्ण आइसोलेशन केन्द्रमा अक्सिजन सिलिण्डर एवं स्वास्थ्य सामग्री सहयोग गर्ने संस्थाका अध्यक्ष लेख गुरुङले जानकारी दिनुभयो।

समाजले सो कार्यका लागि हालसम्म चार हजार ८८५ पाउण्ड उठाइसकेको छ। उक्त रकम स्थानीय नेपाल रेडक्रस सोसाइटीमार्फत जिल्ला उद्योग वाणिज्य सङ्घलाई हस्तान्तरणगर्नेयोजनारहेकोअध्यक्ष गुरुङले बताउनुभयो। जिल्लाका अधिकांश ठाउँमा कोरोना सङ्क्रमण भएपछि सबैलाई न्यायोचित तथा समान वितरण होस् भनेर समाजले सबै स्थानीय तहलाई दिन खोजिएको र कोरोनाको अवस्था हेरी पुनः केही गर्नु परे संस्थाका सदस्यहरू तयार रहेको बताइएको छ।

## घरमै बसेर लिए बीस जनाले पान नम्बर

पोखरापत्र संवाददाता
तनहुँ, २६ जेठ

आन्तरिक राजश्व कार्यालयबाट बन्दाबन्दीको समयमा बीस जनाले घरमा बसेर पान नं लिएका छन्। बन्दाबन्दीका कारण हिँड्डुल गर्न नपाएका, व्यापार व्यवसायका लागि अति आवश्यक परेका व्यक्तिले घरमा बसेर इन्टरनेटमार्फत पान नं लिएका हुन्।

कार्यालयको वेबसाइट खोलेर आवेदन दिन सकिन्छ। आवेदकले ट्याक्स पे पोटलमा गएर आफ्ना आवश्यक कागजात अपलोड गरी पठाएपछि कार्यालयका अधिकृतले जाँचेर प्रमाणित भए पान नं उपलब्ध हुने सो कार्यालयले जनाएको छ। बनेको पान नं पुनः सम्बन्धित व्यक्तिको म्यासेन्जर वा इमेलमा पठाई सहयोग गरिएको कार्यालय प्रमुख नारायणप्रसाद ढकालले जानकारी दिनुभयो। तत्कालका लागि नं मात्रै चाहिने कार्यका लागि यसरी काम गरिएको छ। प्रमाणपत्र चाहिएमा कार्यालय खुलेको समयमा आएर लैजान सकिने व्यवस्था मिलाइएको छ। दोस्रो लहरको भेरियन्टसहितको कोरोनाबाट सुरक्षित हुन जिल्ला प्रशासन कार्यालयले गते वैशाख २२ गते रातिदेखि बन्दाबन्दीको आह्वान गरेपछि जिल्लाका सबै व्यवसाय ठप्प छन्।

# जथाभावी सडक खन्दा पहिरो

पोखरापत्र संवाददाता
म्याग्दी, २६ जेठ

जिल्लाको मङ्गला गाउँपालिका-५ अर्मनमा जथाभावी खनिएको सडकका कारण पहिरो सिर्जना भएको छ। सडक विस्तार गर्दा खनिएको माटोको सुरक्षित व्यवस्थापन नगर्दा अर्मनको हाँडेभिर बस्ती पहिरोको जोखिममा परेको हो।

पोखराबाट नेटा-अर्मन-किमचौर हुँदै बागलुङको ताराखोला जोड्ने सडक विस्तारका क्रममा नेटाखण्डको पाखोमा फालिएका ढुङ्गा-माटोले हाँडेभिरको बस्ती, स्वास्थ्यचौकी जोखिममा पर्नुका साथै खानेपानीको मुहान, सिँचाइको नहर र खेतीयोग्य जमिन पुरिएको छ। पहिराले खिमबहादुर रोका, कर्णबहादुर रोका, रनवीर रोकासहितहाडेभिरकासातघरउच्च जोखिममा परेका छन्। माथिल्लो हाडेभिर खोल्लाका दलबहादुर थापाका परिवार सडकबाट आएको पहिरोले यसअघि नै विस्थापित भएका थियो। स्थानीयवासी अस्तमान घर्तीले सडक विस्तारका लागि स्काभेटरले पहाड खन्न थालेसँगै पहिरो सक्रिय भएको बताउनुभयो।

"बाह्र वर्षअघि सडक खन्दा मेरो १० रोपनी पाखोबारी पहिरोमा परिणत भएको थियो", उहाँले भन्नुभयो, "अहिले फेरि सडक फराकिलो बनाउन खनेको माटो पाखोमा फालिँदा पहिरो चलेर उठिबास लगायो।" चालु आर्थिक वर्षमा प्रदेश सरकारअन्तर्गतको पूर्वाधार विकास कार्यालयले नेटा-अर्मन-किमचौर हुँदै ताराखोला जोड्ने सडक स्तरोन्नतिका लागि त्रिशक्ति-श्रमजीवी जेभीसँग रु ८१ लाख ४६ हजार ६५६ मा ठेक्का सम्झौता गरेको थियो। पूर्वाधार कार्यालय र निर्माण व्यवसायीको लापरवाहीका कारण पाखो खनेर बस्तीतर्फ माटो फालिँदा पहिरो चल्न थालेको हाँडेभिरका बासिन्दा चित्रकला सापकोटाले बताउनुभयो। "सडक खन्दा निस्कने माटो एक किलोमिटरसम्म टाढा लगेर व्यवस्थापन गर्ने सम्झौता कार्यान्वयनमा सम्बद्ध कार्यालय र निर्माण व्यवसायीले चासो देखाएका छैनन्", उहाँले भन्नुभयो, "डोजरले पहाडको भित्ता कोपरेर पाखाभरि माटो फाल्दा रुख, बिरुवा र बारीमा लगाएको खेतीबाली मासिएको छ।"

पाखोमा पालिएको माटो आकाशबाट पानी पर्नासाथ पहिरो बनेर बग्न थालेको हो। पहिराले ३५ घरधुरीले उपभोग गर्ने खानेपानी आयोजना र आठ हेक्टर क्षेत्रफलमा सिँचाइ गर्ने नहर पुरेपछि धानको ब्याड राख्न नपाएको स्थानीयवासी हर्कबहादुर रोकाले बताउनुभयो। "मुहान पुरिएपछि खानेपानी आपूर्ति भएको छैन", उहाँले भन्नुभयो, "नहर पनि पहिराले पुरिएकाले हाडेभिर र कोंशिबगरमा धानको ब्याड राख्न समस्या भएको छ।"

निर्माण व्यवसायी प्रकाश बानियाँले सम्झौतामा उल्लेखित एक किलोमिटर क्षेत्रभित्र माटो व्यवस्थापन गर्न ठाउँ नपाएको बताउनुभयो। "एक किलोमिटर वरपर माटो फाल्ने ठाउँ नै भेटिएन", उहाँले भन्नुभयो, "माटो फाल्ने ठाउँ नपाउँदा समस्या भएको हो। त्यहाँ ३० मिटर ग्याबियन पर्खाल लगाएर काम रोक्ने सोचेको छु।"

# पहिचान गरिएका खानी क्षेत्रमा मात्र उत्खनन

-भीष्मराज ओझा
काठमाडौं, २६ जेठ

नेपाल सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेटमा उल्लेख गरिएको बजेट घाटा कम गर्न ढुङ्गा, गिट्टी र बालुवा निकासी गर्ने नीति चुरे क्षेत्रसँग सम्बन्धित नभएको स्पष्ट पारेको छ। त्यसरी उत्खनन गरिने ढुङ्गा, गिट्टी र बालुवा खानी तथा भूगर्भ विभागले यसअघि पहिचान गरेका १४ जिल्लाका ९२ खानीबाट मात्र गरिने सरकारी पक्षले स्पष्ट पारेको हो। सरकारले हालै सार्वजनिक गरेको बजेटको बुँदा नं १९९ मा वातावरणीय प्रभाव मूल्याङ्कनका आधारमा खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा निकासी गरी व्यापार घाटा न्यूनीकरण गरिने उल्लेख छ। साथै निकासी गरिने खानीजन्य निर्माण सामग्रीको परिवहनका लागि उद्योगदेखि निकासी बिन्दुसम्म रोप-वे निर्माण गर्न आयातमा लाग्ने भन्सार महसुलमा छुट दिने व्यवस्था मिलाइएको बजेटमा व्यवस्था छ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बजेटको सो बुँदामा चुरे उल्लेख नभए पनि चुरेका नाममा राजनीति गर्न खोजिएको बताउँदै यसले चुरेमा कुनै पनि हस्तक्षेप नहुने स्पष्ट पार्नुभयो। चुरे क्षेत्रको संरक्षणमा सरकारले कुनै सम्झौता नगर्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले भन्नुभयो, "बुँदा नं १९९ मा चुरेलाई जोडेर राजनीति भएको छ। चुरेबाट एक डोको ढुङ्गा र एक डोको माटो पनि उत्खनन हुँदैन। चुरे देशको महत्वपूर्ण सम्पदा हो। यसको संरक्षणप्रतिको चिन्ता भने स्वाभाविक हो।"

नेपाल वातावरण पत्रकार समूहले आज आयोजना गरेको भर्चुअल कार्यक्रममा उहाँले सरकारले संवैधानिक र कानूनी प्रावधान बाहिर गएर कुनै पनि काम नगर्ने उल्लेख गर्दै यो खानी तथा भूगर्भ विभागले यसअघि पहिचान गरेका ९२ स्थानको खानीबाट उत्खनन गरिने नीति भएको जानकारी दिनुभयो। खानी जन्य वस्तु उत्खनन र निर्यात गर्दा वातावरणीय सन्तुलन खलबलिनेप्रति सरकार पूर्ण सचेत रहेको उहाँको भनाइ थियो। साथै चुरेअन्तर्गतको सिद्धबाबा डाँडा काटिँदैछ भन्ने विषयमा अनावश्यक भ्रम फैलाइएको भन्दै उहाँले सरकारले त्यसमा पहिराबाट बर्षेनि हुने मानवीय क्षति रोक्न सुरुङको निर्माण प्रक्रिया अघि बढाएको बताउनुभयो। अर्थसचिव शिशिर ढुङ्गानाले निकासीयोग्य वस्तुको तुलनात्मक लाभका आधारमा उक्त नीति ल्याइएको बताउँदै विश्वका विभिन्न देशले आफूसँग भएको वस्तु र सेवा निकासी र व्यापार गरेरै प्रगति हासिल गरेको दृष्टान्त प्रस्तुत गर्नुभयो। उहाँले भन्नुभयो, "खानीजन्य निर्माण सामग्री स्वदेशमा पूर्ति गर्ने र बढी भएको निकासी गर्नुपर्नेप्रति सरकार सचेत छ। सोही उद्देश्यले कार्यक्रम ल्याइएको हो।"

राष्ट्रिय योजना आयोगका सदस्य डा कृष्णप्रसाद ओलीले आधुनिक प्रविधिको प्रयोग गरेर प्राकृतिक सम्पदाको दिगो उपयोग गर्न सके मुलुकको समृद्धि हासिल हुने धारणा व्यक्त गर्दै चुरे संरक्षणको चिन्ताप्रति सजग हुनुपर्ने बताउनुभयो। मुलुकका ठूला आयोजना र विकास गर्न आगामी दिनमा खानी उत्खनन नगरी नपुग्ने अवस्थामा यो नीति आवश्यक रहेको उहाँको भनाइ थियो।

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका अध्यक्ष किरण पौडेलले बजेटपछिका विभिन्न छलफल र बहसले यस नीतिबारे स्पष्ट हुँदै गएको बताउँदै यो नीति चुरेको उत्खननसँग सम्बन्धित नभएको स्पष्ट पार्नुभयो। साथै उहाँले चुरेमा समस्या आउँछ भनेर डराएर हुँदैन बरु समाधानमा सबै लाग्नुपर्ने धारणा व्यक्त गर्नुभयो। वन तथा वातावरण मन्त्रालयका सचिव पेमनायण कँडेलले बजेटको नीतिअन्तर्गत ढुङ्गा, गिट्टी र बालुवा उत्खनन कार्य चुरे क्षेत्रमा नपर्ने स्पष्ट पार्दै चुरेमा गुणस्तरीय ढुङ्गासमेत नभएको अवगत गराउनुभयो। खानी विभागका महानिर्देशक रामप्रसाद घिमिरेले खानीजन्य निर्माण सामग्री तुलनात्मक रूपमा नदी र खोलाबाट भन्दा खानीबाट उत्खनन गर्दा बढी लाभ हुने भन्दै ९२ खानीबाट वार्षिक सरकारलाई राजश्वबापत हुने फाइदाको तथ्याङ्क प्रस्तुत गर्नुभयो। साथै उहाँले पहिचान गरिएका ९२ वटै खानी चुरेको सिमाना नरहेको र सबै मध्य पहाडमा रहेको स्पष्ट पार्नुभयो।

सरकारका पूर्वसचिव तथा चुरे समितिका पूर्वअध्यक्ष रामेश्वर खनालले ढुङ्गा, गिट्टी र बालुवा निकासी गरेर व्यापार घाटा कम गर्न नसकिने तर्क गर्दै विगतमा निर्माण सामग्री निकासी गर्दाको समस्या देखिएका समस्या र चुनौतीका बारेमा अवगत गराउनुभयो। साथै उहाँले खानी उत्खनन गर्ने सरकारी कम्पनी स्थापना गरेर मध्य पहाडी क्षेत्रमा पहिचान गरी काम गर्दा दिगो र राम्रो हुने धारणा व्यक्त गर्दै यसबाट पहिलो चरणमा आन्तरिक आवश्यकता पूरा गर्नुपर्ने र त्यसपछि बाँकी रहेको मात्र निर्यात गर्ने बारेमा सोच्दा राम्रो हुने बताउनुभयो। वातावरणविद् विनोद भट्टले खानीजन्य सामग्री निकासीभन्दा पहिला स्वदेशको आवश्यकता पूरा गर्न लाग्नुपर्ने, विकासोन्मुख मुलुक भएकाले ठूला आयोजना र विकासका पूर्वाधारका लागि धेरै सामग्री प्रयोग हुनेबारे अवगत गराउनुभयो। उहाँले ढुङ्गा, बालुवा र गिट्टी उत्खननसँगै बाँकी रहने माटो र अन्य सामग्रीको उचित व्यवस्थापन नहुँदा नदी खोला नदीमा भरिएर बाढीको समस्या हुने धारणा व्यक्त गर्नुभयो। व्यापार घाटा कम गर्न तुलनात्मक अन्य क्षेत्रमा ध्यान दिन सरकारलाई उहाँको सुझाव थियो। चुरेमा विधावारीधि गर्नुभएका डा विजयकुमार सिंहले खानी विभागले पहिचान गरेका १४ जिल्लाको ९२ स्थानमा पनि चुरे क्षेत्र रहेकोतर्फ ध्यानाकर्षण गराउनुभयो।

पत्रकार चन्द्र किशोरले सरकार अभिभावक भएको र यसले कुनै पनि क्षेत्रका जनताको आवाज सुन्नुपर्ने बताउँदै चुरे दोहनबाट तराईमा हुने समस्याप्रति समयमै सचेत बन्नुपर्ने बताउनुभयो। भूगर्भविद् मेघराज धितालले विस्तृत अध्ययन गरी वैज्ञानिक आधारमा खानीजन्य सामग्री उत्खनन गर्दा समस्या नहुने बताउनुभयो। समूहका अध्यक्ष कसमस विश्वकर्माले चुरे संरक्षण हुनुपर्छ भन्नेमा सरोकारवाला सबै सहमति भएकामा खुशी व्यक्त गर्दै वातवारणीय संरक्षणका सवालमा समूहले सदैव पहेरदारी गर्दै आएको बताउनुभयो। खानीजन्य निर्माण सामग्रीको अनियमित रूपमा दोहन भएको भन्दै गुनासो बढेपछि तत्कालीन सरकारले विसं २०७१ मा गरेको निर्णयअनुसार खानी विभागले धनकुटा, मोरङ, उदयपुर, सिन्धुली, ललितपुर, मकवानपुर, चितवन, पाल्पा, अर्घाखाँची, प्युठान, सल्यान, सुर्खेत, डोटी र डडेलधुराका विभिन्न ९२ स्थानमा खानी क्षेत्र पहिचान गरेको थियो।

# 'कोरोनिल किट' तत्काल प्रयोग नगरिने

रासस
काठमाडौं, २६ जेठ

भारतको पतञ्जलि योगपीठले कोरोना भाइरसविरुद्धको रोकथाम र नियन्त्रणका लागि सरकारलाई उपलब्ध गराएको 'कोरोनिल किट' तत्काल प्रयोग नगर्ने भएको छ। आयुर्वेद विभागले कोभिड-१९ विरुद्धको उक्त वैकल्पिक चिकित्सा औषधि नेपालमा दर्ता नभएको प्रयोग नगर्ने जनाएको छ।

विभागमा महानिर्देशक डा वासुदेव उपाध्यायले प्रक्रिया नपुऱ्याएर ल्याएको हुनाले अहिले तत्काल उक्त कोरोनिल किट प्रयोग नगर्ने जानकारी दिनुभयो। "आपतकालीनऔषधिप्रयोगगर्नका लागि नेपालमा प्रक्रिया पुऱ्याउनु पर्दछ," उहाँले भन्नुभयो, "तर पतञ्जलि योगपीठले उक्त औषधि प्रक्रिया नपुऱ्याइकन ल्याएको हुनाले तत्काल प्रयोग गर्दैनौं।"

उहाँका अनुसार उक्त किटमा अनुतेल, श्वासरी ट्याबलेट र कोरोना ट्याबलेट गरी तीन प्रकारका औषधि रहेका छन्। उहाँले किटमा रहेका औषधिको अध्ययन गर्दा कोरोना भाइरसको रोकथाम र नियन्त्रण गर्न सक्ने रहेको बताउनुभयो। "हामीले विज्ञ राखेर औषधि के-के मिश्रणबाट बनेको भनेर अध्ययन गर्यौं," उहाँले भन्नुभयो, "अध्ययनबाट औषधिले कोरोना भाइरस रोकथाम र नियन्त्रण गर्न सहयोग गर्दछ।"

उहाँले औषधिले श्वासप्रश्वासमा फाइदा, ज्वरो र रुघाखोकी नियन्त्रण र रोगसँग लड्न क्षमता बढाउने (इम्युनिटी पावर) सक्ने बताउनुभयो। नेपालस्थित पतञ्जलि योगपीठले भारतबाट एक हजार ६०० कोरोनिल किट ल्याई सरकारलाई कोरोना भाइरस रोकथामका लागि उपलब्ध गराएको थियो।

# कर बुझाउन नसकेकालाई जरिवाना नलगाउन आग्रह

रासस
काठमाडौं, २६ जेठ

निजी क्षेत्रका छाता संस्थाहरूले निषेधाज्ञा अवधिमा मासिकरूपमा बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर, अन्तःशुल्कलगायत विवरण र कर रकम बुझाउन सक्ने परिस्थिति नभएकाले सो अवधिमा कर राजस्व बुझाउन नसकेका व्यवसायीलाई जरिवाना नलगाउन सरकारसँग अनुरोध गरेका छन्।

नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ र नेपाल चेम्बर अफ कमर्सले आज संयुक्त विज्ञप्तिमार्फत कोभिड-१९ महामारीको असर देखिन थालेको डेढ वर्षको अवधिमा सरकार र निजी क्षेत्रबीचको सहकार्यले पुनरुत्थानमा केही सहयोग पुग्न गएको तथा आगामी दिनमा पनि अवसर र जोखिम बाँडेरै यो महामारी र आर्थिक मन्दीबाट माथि उठ्न सकिने जनाएका छन्।

अहिलेको विषम परिस्थितिका कारण भने एकातिर उद्योग व्यवसाय सञ्चालन हुन नसकेका र जनेतन चलेका उद्योग व्यवसायका उत्पादन पनि निर्बाध बजारसम्म पुऱ्याई बिक्री वितरण गरी रकम सङ्कलन गर्न नसकिएको विज्ञप्तिमा जनाइएको छ।

# स्वास्थ्य सामग्री हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**वालिङ, २६ जेठ**

वालिङ- कोभिड-१९ को सङ्क्रमणदर उच्च भएका बेला रोकथाम तथा नियन्त्रणका लागि वालिङ नगरपालिकालाई मङ्गलबार स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको छ।

आनन्द फाउण्डेशन नेपालको संयोजन र ताइवान एलजेएम बुद्धिष्ट सोसाइटीको सहयोगमा नगरपालिकालाईपाँचथानअक्सिजन कन्सन्ट्रेटर र अन्य स्वास्थ्य सामग्री गरी रु १० लाखभन्दा बढीको सहयोग प्राप्त भएको नगरप्रमुख दिलीपप्रताप खाँणले बताउनुभयो।

कन्सन्ट्रेटर, पिपिइ सेट, एन्टिजेन किट, फेसशिल्ड, अक्सिजन सेट, सर्जिकल मास्क, पञ्जासँगै समाजसेवी डा पवमान सुवेदीको व्यक्तिगत योगदानसहित रु १० लाख बराबरको स्वास्थ्य सामग्री नगरपालिकालाई मङ्गलबार हस्तान्तरण गरेको हो। "महामारीका रूपमा फैलिएको कोभिड रोकथाम तथा नियन्त्रणका लागि नगरपालिकासँगै विभिन्न सङ्घसंस्था तथा व्यक्तिले आफूखुशी सहयोग जुटाउनुभएको छ", नगरप्रमुख खाँणले भन्नुभयो, "महामारी नियन्त्रण तथा रोकथामका लागि अत्यावश्यक पर्ने स्वास्थ्य सामग्री उपलब्ध गराइदिएर यहाँका नागरिकलाई उपचारमा सहजता भएको छ।"

विभिन्न सङ्घसंस्था तथा व्यक्तिहरूले कोभिड रोकथाम तथा नियन्त्रणका लागि आवश्यक स्वास्थ्य सामग्री र नगद सहयोग गरिरहनुभएको नगरप्रमुख खाँणले बताउनुभयो। दाताहरूले सहयोग गरेको प्रयोजनका आधारमा रकम खर्च गर्दै आएको बताउँदै नगरप्रमुख खाँणले भन्नुभयो, "यो महामारीका समयमा विभिन्न सङ्घसंस्था तथा व्यक्तिगतरूपमा स्वास्थ्य सामग्री उपलब्ध गराउने, नगद सहयोग गर्नुहुने सम्पूर्ण सहयोगीहरूप्रति आभार व्यक्त गर्दछौँ।" नगरपालिकाले गह्रौँ प्राथमिक अस्पतालमा निर्माण गरेको आइसोलेशन सेन्टरमा बिरामीलाई निःशुल्क उपचार, खाना तथा खाजाको व्यवस्थासमेत मिलाएको छ। त्यस्तै नपाले दुई स्वास्थ्यकर्मीको टोलीलाई औषधिसहित परीक्षणका लागि गाउँगाउँमा खटाएको छ। आवश्यकता हेरी गाउँमै पुगेर पनि एन्टिजेन परीक्षण गर्ने गरेको स्वास्थ्य शाखा प्रमुख कमलप्रसाद पाण्डेले बताउनुभयो।

# बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्ने तयारीमा स्थानीय तह

**पोखरापत्र संवाददाता**
**दमौली, २६ जेठ**

असार १५ गते स्थानीय तहले बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपर्ने संवैधानिक व्यवस्था छ।

सोही व्यवस्थाबमोजिम जिल्लाका स्थानीय तह आगामी आर्थिक वर्ष २०७८/७९ को बजेट, नीति तथा कार्यक्रम तर्जुमाको तयारीमा जुटेका छन्। बजेट, नीति तथा कार्यक्रमको तयारी शुरु हुँदै गर्दा तनहुँका स्थानीय तहले सुझाव माग गर्न शुरु गरेका छन्। आगामी वर्षको बजेट, नीति तथा कार्यक्रममा समेट्न सकिने विषयलाई इमेलमार्फत सुझाव माग गरिएको सदरमुकामस्थित व्यास नगरपालिकाका प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिनुभयो।

श्रेष्ठका अनुसार सम्पूर्ण नगरवासी, व्यवसायी, नागरिक समाज, राजनीतिक दललगायतलाई यही जेठ २८ गतेसम्म इमेल तथा प्रत्यक्षरूपमा सुझाव माग गरिएको छ। "आव २०७८/७९ को स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा जानकारी प्राप्त भएकाले तोकिएको स्रोत अनुमान र सीमाको आधारमा २०७८ जेठ मसान्तभित्र पेश गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई निर्देशन दिइएको छ", प्रवक्ता श्रेष्ठले भन्नुभयो।

शुक्लागण्डकी नगरपालिकाले पनि इमेलमार्फत आगामी वर्षको योजनाका लागि सुझाव माग गरेको छ। 'पर्यटन, कृषि र पूर्वाधार : समृद्ध शुक्लागण्डकीको आधार' लाई मुख्य रणनीतिक लक्ष्यका साथ नगरपालिकाले बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्न लागेको प्रमुख प्रशासकीय अधिकृत गङ्गालाल सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार बजेटमा समावेश गर्नुपर्ने विषयवस्तुका सम्बन्धमा रचनात्मक सुझाव दिन राजनीतिक दल, नागरिक समाज, सरकारी तथा गैरसरकारी संस्था, शिक्षक, बुद्धिजीवी, पेशा व्यवसायीलाई जेठ ३१ गतेसम्म सुझाव दिन अनुरोध गरिएको छ।

बन्दीपुर गाउँपालिकाले २० वर्षे एकीकृत विकास गुरुयोजनाको दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्यसँग तादात्म्यता हुने गरी आवश्यकताका आधारमा बजेट, नीति तथा कार्यक्रम बनाउने लक्ष्य लिएको प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार गाउँपालिकाले जेठ २७ गतेभित्र सरोकारवालाहरूको बजेट माग गरेको छ। "गाउँपालिकाको नीति तथा कार्यक्रम, बजेट कस्तो बनाउने भन्ने विषयमा सबैसँग नीतिगत सुझाव माग गरेका छौँ", उहाँले भन्नुभयो, "सङ्कलन भएका सुझावलाई समेटेर नीति, कार्यक्रम तथा बजेट निर्माण गर्छौँ।"

म्याग्दे गाउँपालिकाले पनि जनताको आवश्यकता र मागका आधारमा बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्ने लक्ष्य लिएको छ। प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीका अनुसार गाउँपालिकाले आव २०७८/७९ का लागि रु ६५ करोड ६६ लाख ३१ हजारको बजेट ल्याउने तयारी गरेको छ। नेपालको संविधानद्वारा प्रदत्त स्थानीय तहको अधिकार, स्थानीय सरकार सञ्चालन ऐन-२०७४, स्थानीय तह वार्षिक बजेट तथा योजना तर्जुमा दिग्दर्शन-२०७४, पन्ध्रौँ पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्यहरूको स्थानीयकरण रायसँग तादात्म्यता हुने गरी पालिकाहरूले बजेट, नीति तथा कार्यक्रम बनाउने तयारी गरेका छन्।

# पाँच स्थानीय तहलाई ६ एम्बुलेन्स

**पोखरापत्र संवाददाता**
**गोरखा, २६ जेठ**

गोरखाका विभन्नि ५ वटा स्थानीय तहहरुलाई कोरोना सङ्क्मण विरुद्ध जुध्न सहयोग पुऱ्याउने उद्देस्यले ६ वटा एम्बुलेन्स सहितका स्वास्थ्य सामग्री आज प्रदान गरिएको छ। सम्भव छ नेपाल नामक संस्थाले स्थानीय तहहरुलाई एम्बुलेन्स सहितको स्वास्थ्य सामग्री हस्तान्तरण गरेको हो।

जिल्लाको आरुघाट गाउँपालिका घर भइ पर्यटन व्यवसाय गर्दै आउनु भएका संस्थाका अध्यक्ष प्रेमकुमार खत्रीले उक्त सामग्री खरिद गरी जिल्लाका स्थानीय तहहरुलाई उपलब्ध गराउनु भएको हो। गोरखा नगरपालिकालाई दुई, धार्चे गाउँपालिका, भीमसेन थापा गाउँपालिका, सहिद लखन गाउँपालिका र गण्डकी गाउँपालिकालाई एक एक वटा एम्बुलेन्स हस्तान्तरण गरिएको संस्थाले जनाएको छ।

संस्थाले जिल्ला विभिन्न अन्य स्थानीय तहहरुका लागि एम्बुलेन्स समेत गरी करिब १ करोड रुपैया बराबर सामग्री प्रदान गरेको संस्थाका अध्यक्ष खत्रीले जानकारी दिनुभयो। त्यस्तै संस्थाले कोरोना संक्रमणका विरुद्ध लड्न सहयोग पुऱ्याउन ६ थान अक्सिजन सिलिण्डर, ६ सय थान एन्टिजेन किट, १२ सय थान भिटिएम र ८ सय लिटर सेनिटाइजर पनि स्थानीय तहहरुलाई उपलब्ध गराएको छ।

त्यस्तै ५६ हजार सर्जिकल मास्क, १ सय थान अक्सिमिटर लगायत पिपिई सेट, फेससिल्ड पनि स्थानीय तहहरुलाई प्रदान गरिएको उहाँले बताउनुभयो। गाउँपालिकालाई उपलब्ध गराएको एम्बुलेन्स एउटा रु १२ लाख रुपैयामा खरिद गरिएको संस्थाले जनाएको छ।

# यसपालिको मनसुन जोखिमपूर्ण : १८ लाख मानिस प्रभावित हुने अनुमान

**–नारायण ढुङ्गाना**
**काठमाडौं, २६ जेठ (रासस)**

मनसुन भित्रिनै लागेको नेपालमा यसपालि मनसुनजन्य विपद् (मुख्यगरी बाढी पहिरो) बाट १८ लाख बढी मानिस प्रभावित हुने अनुमान गरिएको छ। गत वर्ष औषत बराबर पानी पर्ने प्रक्षेपण हुँदा ठूलो मानवीय क्षति बेहोरेको मुलुकसामु सरदरभन्दा बढी वर्षा हुने आँकलन गरिएको यसपालिको मनसुनमा झन् चुनौतीपूर्ण रहने अनुमान मौसमविद्ले गरेका छन्।

जल तथा मौसम विज्ञान विभागले यसअघि नै मुलुकमा मनसुनमा सरदरभन्दा बढी पानी पर्ने आंकलन सार्वजनिक गरिसकेको छ। उक्त चेतावनीसँगै आम नागरिक र सरोकार राख्ने निकाय थप सावधानी र सचेत हुनुपर्ने राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल बताउनुहुन्छ।

"मुख्यतः एक त बढी नै वर्षा हुने आँकलन छ, कोभिडको महामारीले विगतको भन्दा जोखिम छ, डढेलोले पहाड नाङ्गो पारिसकेकाले जोखिम क्षेत्रबाहेकमा पनि थप पहिरो खस्ने सम्भावना छ, गरिबी पनि बढेकाले मुलुक थप चुनौतीपूर्ण अवस्थामा गुज्रिएको छ", पोखरेलले रासससँग भन्नुभयो, "त्यसलाई केन्द्रित गरेर नै पूर्व तयारी र प्रतिकार्य याजना अघि बढाएका छौँ।" विगतको तथ्यङ्क विश्लेषणको आधारमा प्राधिकरणले यसपालि मनसुनमा १८ लाख बढी मानिस प्रभावित हुने अनुमान गरेको छ। प्राधिकरणका सिनियर डिभिजनल हाइड्रोलोजिष्ट राजेन्द्र शर्माले बाढीबाट १७ लाख र पहिरोबाट एक लाख २० हजार प्रभावित हुने अनुमान गरिएको जानकारी दिनुभयो। गत वर्ष १५ लाख प्रभावित हुने अनुमान गरिएको थियो।

सरदर मात्रै पानी पर्ने अनुमान गरिएको गत वर्ष मनसुनजन्य विपद् बाट झण्डै ४०० मानिसको मृत्यु भएको थियो। एक हजार १०० बढी परिवार प्रत्यक्ष प्रभावित भएका थिए। यसपालि बढी पानी पर्ने पूर्वानुमानसँगै मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ तयार गरी स्थानीय तह, प्रदेश सरकार तथा सम्बद्ध सङ्घसंस्थासँगको समन्वयमा विगतको अनुभवबाट सिकेर आवश्यक पूर्व तयारी थालिसकिएको छ।

प्राधिकरणका उपसचिव वेदनीधि खनाल भन्नुहुन्छ, "विगतका वर्षको अनुभव हेर्दा साउनुअसोजमा बढी प्रभाव पारेको देखिएको छ।" उहाँले बाढीपहिरोका दृष्टिले नेपालको सबै ठाउँ जोखिममा रहेको बताउनुभयो। खनाल यसपटक विगतको भन्दा झण्डै १२ गुणा बढी आगलागी भएकाले थप क्षति हुनसक्ने सम्भावना देखाउनुहुन्छ।

प्राधिकरणले पूर्व सूचना प्रणालीलाई थप व्यवस्थित र भरपर्दो बनाउने, अस्थायी आश्रयस्थल तथा तत्कालको राहतका लागि अहिलेदेखि नै व्यवस्थापन गर्ने, ठाउँठाउँ पुऱ्याउने, घर भत्कियो भने तत्कालै बनाएर आवास व्यवस्थापन गर्ने गरी योजना निर्माण गरिएको प्राधिकरण प्रमुख पोखरेल बताउनुहुन्छ। यसपालि प्रदेशको पनि कार्ययोजना बनाएर अघि बढाइएको छ भने केही हटस्पट भएको गाउँपालिकाको कार्य योजना पनि तयार पार्ने क्रममा रहेको प्राधिकरणले जनाएको छ।

गत वर्षको विपद् क्षेत्रमा गएको हेलिकप्टरले मौसम खराब हुँदा उद्धार र राहतका काम गर्न सकेको थिएन। सडकमार्ग हुँदै गएका उद्धार टोली पनि पहिरो र बाढीका कारण समयमै घटनास्थल पुग्न सकेको थिएन। त्यसलाई सिकाइकै रूपमा लिँदै विपद् जोखिम पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारिएको छ। जोखिम क्षेत्रको जानकारीलाई पनि मौसम सूचना प्रणालीमा समावेश गरिनेछ। आवश्यक तयारीका लागि सरकारबाट कानूनी संरचना निर्माण र छिटो उद्धार कसरी गर्ने भन्नेर समिति समेत बनाइसकिएको र त्यसले काम गरिरहेको पोखरेल बताउनुहुन्छ। सोही पूर्व तयारीका लागि आज प्राधिकरणले समन्वयात्मक रूपमा भर्चुअल बैठक समेत गरेको छ। उक्त छलफलमा भाग लिँदै विपद् पूर्वतयारी सञ्जाल नेपालका अध्यक्ष सूर्यबहादुर थापा क्षति न्यूनीकरण नै पहिलो लक्ष हुनुपर्नेमा जोड जोड दिनुहुन्छ। यसपालि सरदरभन्दा बढी पानी पर्ने आँकलन गरिएकाले यसपटकको मनसुनमा बढी नै तयारीमा लाग्नुपर्ने देखिँदा साझा प्रयासको खाँचो रहेको उहाँले औँल्याउनुभयो।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखा मौसमविद् विभूति पोखरेलले यसपालि मनसुन सक्रिय नै हुने देखिएको जानकारी दिनुभयो। "प्रिमनसुनमा जसरी वर्षा हुनुपर्न थियो भएन, अहिले बङ्गालको खाडीमा न्युन चापीय क्षेत्र विकसित हुँदैछ जसका कारण देशभर मनसुन सक्रिय हुने देखिएको छ", उहाँले भन्नुभयो। विभागको बाढी पुर्वानुमान महाशाखा प्रमुख बिक्रम श्रेष्ठ हरेक वर्ष बाढीलाई फोकस गरेर २४ घण्टै पूर्व सूचना दिने गरिएको बताउनुहुन्छ। केही हप्ताअघि मनसुन आपतकालिन कार्ययोजना २०७८ जारी गरेर काम हुँदै आएको र दिनमा तीन पटक बाढीको सूचना दिने गरिएको उहाँले जानकारी दिनुभयो। "हामीले ठुला र साना खोलाको अबस्था कस्तो रहने छ भनेरसमेत दिने गरेका छौँ", उहाँले थप्नुभयो।

संयुक्त राष्ट्रसङ्घका आवासीय प्रतिनिधि सारा बेस्लो नयन्टीले नेपालको विपद्मा संयुक्त राष्ट्रसङ्घको सधैँ साथ र सहयोग रहने उल्लेख गर्दै कोभिड–१९, त्यसको आर्थिक सङ्कट र मनसुनजन्य विपद्मा सरकार र सबै निकाय मिलेर काम गर्नुपर्ने धारणा राख्नुभयो। जलस्रोत तथा सिँचाइ विभागको नदी व्यवस्थापन शाखा प्रमुख विष्णुदेव यादवका अनुसार मसुलकका विभिन्न तटबन्ध र जोखिम क्षेत्रमा प्रभावकारी उपाय अपनाई बाढी तथा डुबानको जोखिम न्यूनीकरण गरिरहेको तथा आवश्यक तार जाली बोरा, भण्डारणको तयारी थालिएको छ।

यादवले सीमावर्ती क्षेत्र तटबन्ध र अरु संरचनाले पुऱ्याएको अवरोधका सन्दर्भमा भारतसँगको समन्वयमा निकास निकाल्ने काम शुरु भएको बताउनुभयो। सीमा क्षेत्रमा वर्षेनी डुबान हुँदै आएको छ। बजेटको अभाव भएकाले चुनौतीपूर्ण अवस्था कायमै रहेको उहाँले बताउनुभयो। नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेल विपद्को समयमा नागरिकलाई सचेत बनाउन मिडिया प्रभावकारी माध्याम हो भन्नुहुन्छ। कोरोनाका बेला मास्कको प्रयोग गर्ने विषयमा ८५ प्रतिशत मानिसले मिडियाबाट जानकारी पाएको भन्ने अध्ययनबाट देखाएकाले विपद्का बेलामा पनि मिडियामार्फत सूचना जाँदा थप प्रभावकारी हुने उहाँको भनाइ थियो।

# बालबालिकामा कोभिड-१९ संक्रमणपछिको जलिटलता देखिन थाल्यो

**–शरद् शर्मा**
**काठमाडौं, २६ जेठ (रासस)**

नेपालमा कोभिड-१९ को पहिलो र दोस्रो लहरमा नै बालबालिकामा 'मल्टी सिस्टम इनफ्लेमेटरीसिन्ड्रोम' (एमआइएस-सी) को सङ्क्रमण देखिएको छ। यो बालबालबालिकामा देखिने कोभिड-१९ को सङ्क्रमणपछिको जलिटलता हो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ को सङ्क्रमणको तेस्रो र चौथो लहरमा एमआइएस-सी सङ्क्रमण देखिने बढी जनाएको छ।

एमआइएस-सी भनेको कोरोना सङक्रमित बालबालिकाको मुटु, फोक्सो, मिर्गौला, छाला, आँखाजस्ता अंग सुन्निने समस्या हो। मन्त्रालयका प्रवक्ता डा. कृष्णप्रसाद पौडेलले सङ्क्रमणको पहिलो लहर सकिने लाग्दा नै बालबालिकामा त्यस्तो सङ्क्रमण देखिन थालेको पुष्टि गर्नुभयो।

उहाँले कोभिड-१९ विरुद्ध शरिरले उत्पादन गरेको रोग प्रतिरोधात्मक क्षमताले शरिरमा नै हानी गरेपछि बालबालिकामा मुटु, फोक्सो, मिर्गौला, छाला, आँखाजस्ता अंग सुन्निने समस्या देखिने गरेको बताउनुभयो। उहाँले ती सङ्क्रमित बालबालिकाको दुईदेखि तीन हप्तामा उपचार गरेपछि निको हुने बताउनुभयो।

कान्ति बाल अस्पतालका निर्देशक डा आरपि बिच्छाले पनि पहिलो लहरको ओरोलो लाग्ने वेलादेखि नै उक्त सङ्क्रमणका बालबालिका देखिन थालेको जानकारी दिनुभयो। उहाँका अनुसार अहिलसम्म ४१ जना बालबालिकामा यस्तो समस्या देखिएको छ। तीमध्ये ३८ बालबालिकाको उपचारपछि निको भएर घर फकिएसकेका छन् भने तीन जना अहिले कान्ति अस्पतालमा उपचाररत रहेका छन्। "नेपालमा पहिलो लहर उच्चतम विन्दुबाट तल झर्ने क्रममा पहिलो पटक बालबालिकामा एमआइएस-सी को सङ्क्रमण देखिएको हो," उहाँले भन्नुभयो, "अहिले दोस्रो लहरको पनि ओरालो लाग्ने क्रममा केही बालबालिकामा बिरामी भएर आएका छन्।"

उहाँका अनुसार पहिलो लहरमा २३ बालबालिकामा र दोस्रो लहरमा १५ जना बालबालिकामा बिरामी भएका थिए। ती सबै बालबालिका उपचार गरी घर पठाइसकेको अस्पतालले जनाएको छ। यस्तो खालको सङ्क्रमणको उपचारका लागि अस्पतालले मापदण्ड बनाई उपचार गरिरहेको छ।

पछिल्लो पटक देखिएका १५ जना बालबालिका एक वर्षदेखि १३ वर्ष उमेर समूहका थिए। "यो रोग पनि कोभिड-१९ कै कारण देखिने सङ्क्रमण हो। यो बालबालिकामा देखिने बित्तिकै आत्तिहाल्नु हुन्न," उहाँले भन्नुभयो," समयमा उपचार गरे सत प्रतिशत निको हुन्छ।" उहाँका अनुसार वेलायतमा देखिएको यो रोग एक प्रतिशत बालबालिकामा मात्र लाग्ने गर्दछ।

यो सामान्यत कोरोना सङक्रमण भएको दुईदेखि चार हप्तापछि देखा पर्ने गर्दछ। यसका लक्षणमा आँखा रातो हुनु, सास फेर्न गाह्रो हुनु, घाँटी दुख्नु, पेट दुख्नु, ज्वरो आउनु, पखाला लाग्नु, छाला, ओठ वा नङ निलो हुनु, शरीरमा डाबर आउनु, थकान महसुस हुनु जस्ता देखिने गर्दछन्। मन्त्रालयले सङ्क्रमित वा सङ्क्रमितसँग सम्पर्कमा आएका बालबालिकालाई तीन दिनसम्म ज्वरो आएमा वा लक्षणमध्ये कुनै दुई वटा देखा परेमा अस्पताल लैजान अनुरोध गरेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ को तेस्रो र चौथो लहरमा झन् बढी देखिने भएकोले बालबालिकाको उपचारमा तयारी अवस्थामा रहन सबै अस्पताललाई निर्देशन दिइसकेको छ। मन्त्रालयको निर्देशन अनुसार सबै अस्पताललाई २० प्रतिशत शय्या कोभिड-१९ सङ्क्रमित बालबालिकाको उपचारका लागि छुट्टाउने तयारी समेत गरिसकेका छन्। कान्ति अस्पतालका निर्देशक डा विच्छाले एमआइएस-सी को सङ्क्रमण भएका बालबालिकाको उपचारका लागि तयारी अवस्थामा रहेको जानकारी दिनुभयो।

उहाँका अनुसार अहिले अस्पतालमा ५६ सघन उपचार कक्ष (आइसियु), २५ हाइ डिपेडेन्सी युनिट (एचडियु) रहेका छन्। यस्तै १० आइसियु र २५ एचडियु थप्ने क्रममा रहेको छ। अहिले कोभिड-१९ सङ्क्रमित १६ बालबालिकाको उपचार अस्पतालमा भइरहेको छ।

बालबालिकामा एमआइएस-सी को संक्रमणबाट बिरामी तेस्रो र चौथो लहरबाट झनै बढ्ने भएकोले नै यसअघि स्वास्थ्यमन्त्री शेरवहादुर तामाङ्ले बालबालिकाको उपचारका लागि सातै वटा प्रदेशमा आइसियू र भेन्टिलेटर सहितको अस्पताल स्थापना गर्ने बताउनु भएको छ। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा सागरराज भण्डारीले बालबालिकाकोउपचारलाईलक्षित गरेर २० प्रतिशत शयया छुट्टाउन थालिएको बताउनुभयो।

# प्रतिनिधिसभा विघटन विवादः देउवा नेतृत्वको मुद्दा पहिला टुङ्ग्याउने

**–कालिका खड्का**
**काठमाडौं, २६ जेठ (रासस)**

सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनसम्बन्धी रिट निवेदनमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा दायर गरेको रिट निवेदनमाथि पहिला सुनुवाइ गर्ने भएको छ

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा, वरिष्ठतम् न्यायाधीश दीपककुमार कार्की, मीरा खड्का, ईश्वरप्रसाद खतिवडा र डा आनन्दमोहन भट्टराईको संवैधानिक इजलासले आज कांग्रेस सभापति देउवासहित १४६ जना संसदको रिट निवेदन पहिला सुनुवाइ गर्ने तय गरेको छ।

रिट निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ताद्वय शम्भु थापा र महादेव यादवले वहसका क्रममा अदालतबाट अन्तरिम आदेशमार्फत देउवालाई प्रधानमन्त्रीका लागि बाटो खोल्नुपर्ने तर्क राख्नुभएको थियो। "संविधानमा ३० दिनभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था छ, विश्वासको मत पाउन सक्दिन भनिसकेकाले केपी ओलीजी पदमुक्त भइसक्नुभयो"-वरिष्ठ अधिवक्ता थापाले भन्नुभयो, "ओलीजी विश्वासको मत नपाएकाले पदमुक्त अवस्थामा हो, हाम्रो संविधानले संसदीय प्रजातन्त्रको रक्षा गरेको छ, संविधानको धारा ७६ को व्यवस्थाले संसदीय व्यवस्थासँग जोडिएको छ, यो कार्यान्वयन नहुँदा संविधान नै असफल हुन्छ।"

निवेदककै तर्फबाट बहस गर्दै अर्को वरिष्ठ अधिवक्ता महादेव यादवले राष्ट्रपतिले सरकार बनाउन नचाहेर प्रतिनिधि विघटन गरेको तर्क राख्नुभएको थियो। "सविधानअनुसार चार वटा सरकार बनाउन सक्छौं" धारा ७६ को उपधारा १, २, ३ र ६ अनुसार सरकार बनाउने भनेको छ", उहाँले भन्नुभयो, "उपधारा ३ सम्म दलहरूले सरकार बनाउने हो, उपधारा ५ मा आएपछि त्यो प्रक्रिया हुँदैन।" निवेदनकका तर्फबाट दुई वरिष्ठ अधिवक्ताको बसहपछि अदालतले पहिला शेरबहादुरसहित निर्वतमान सांसदको निवेदनमाथि सुनुवाइ गर्ने र बाँकीलाई त्यसैअनुरूप राख्ने आदेश जारी गरेको हो। "शेरबहादुर देउवासहितको रिट निवेदनमा गरिएको आदेश हो"- सर्वोच्च अदालतका सहप्रवक्ता देवेन्द्र ढकालले भन्नुभयो, "यसको फैसला आएपछि त्यो फैसलाको प्रतिलिपि राखेर अरु २९ वटा यो रिट निवेदन इजलासमा पेश गरिन्छ।" निर्वतमान सांसदका विषयमा अदालतले छुट्टै आदेश जारी गरेको छ भने सो विवादका २९ वटा रिट निवेदनमा पनि कारण देखाउ आदेश नै जारी गरेको छ। अदालतले विभिन्न नौ मुद्दामा आदेश जारी गरेको छ। उक्त विवादमा आगामी असार ९ गतेबाट निरन्तर सुनुवाइ हुने तय भएको छ। सात दिनभित्र लिखित जवाफ पेश गर्नु

प्रतिनिधिसभा विघटनसम्बन्धी रिट निवेदन प्रारम्भिक सुनुवाइपछि आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक सात दिनभित्र सबै विपक्षीलाई लिखित पेस गर्न आदेश जारी गरेको छ।